# १० पावलको तेस्रो सुसमाचारीय यात्रा

***<u>यस अध्यायका मूल पदहरू:</u>*** प्रेरित १८:२४-२८, प्रेरित १९, प्रेरित २०:७-१२,१५-२७, २ कोरन्थी ४:८-१४ र प्रेरित २१:१-१५।

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"मेरो जीवन मेरो निम्ति केही मूल्यको ठान्दिँन। प्रभु येशूबाट पाएको सुसमाचारीय सेवा कार्यको अभिभारामात्र म सिध्याउन चाहन्छु। परमेश्वरको अनुग्रहको सुसमाचारको मात्र साक्षी म बनेर मेरो जीवन अन्त गर्न चाहन्छु।" (प्रेरित २०:२४ रूपान्तरित)।**

लूकाले अचानक पावलको तेस्रो सुसमाचारीय यात्राको विवरण लेख्दछन्। पावलको सुसमाचारीय यात्राको मूल थलो आन्टिओखिया थियो। त्यहाँ केही समय बिताएर पावल अर्को सुसमाचारीय यात्रामा जान्छन्। त्यस क्रममा उनले गलाती र फ्रिजियाका क्षेत्रहरू सफलतापूर्वक पार हुँदै जान्छन्। ती ठाउँहरूमा भएका येशूका सबै चेलाहरूलाई बलियो पार्दै पावल अघि बढ्दछन्। लूकाले १५०० माइलको यात्रालाई केवल एक वाक्यलेमात्र टुँग्याउँछन् (प्रेरित १८:२३)।

लूकाले १५०० माइलको यात्रालाई किन छोटकरीमा टुँग्याउँछन भने अबको यात्राको केन्द्रविन्दु पावलको निम्ति एफिससको बारेमा बढी जानकारी दिन चाहेका थिए। पावलको सुसमाचारीय यात्रामा उनले अरू सहरहरूमा भन्दा धेरै समय एफिसस सहरमा बिताएका थिए। सुसमाचार प्रचार गर्ने सन्दर्भबाट झट्ट हेर्दा पावलको प्रचार गर्ने काम एफिससमा अत्यन्त फलदायी बनेको थियो। पावलको सुमाचार प्रचार गर्ने प्रभाव एफिससबाट नै सारा एशियाको क्षेत्रमा परेको थियो (प्रेरित १९:१०,२६)। सायद यसै समयमा पावलले आफ्ना सहयोगी एपाफ्रासको (कलस्सी ४:१२,१३) सहायताले कलस्सी, हिरापोलिस र लाओडेकियामा चर्चहरू स्थापना गरेका थिए (कलस्सी १:७, फिलमेन २३)।

यस यात्राको उल्लेखनीय पक्षचाहिँ यो हो कि पावलले गरेका सुसमाचारीय यात्राको अन्तिम विवरण यही थियो। कसैसँग भर नपरि आफू स्वतन्त्र भएर पावलले यो यात्रा गरेका थिए। तर लूकाले अर्को यात्राको

बारेमा पनि उल्लेख गर्दछन्। तर यो यात्रामा पावल कैदी भएर रोममा जाँदछन्।

## १. एफिससः भाग १

जब पावल एफिसस सहरमा जाँदै थिए तब अपोल्लोस नाउँ गरेको एक जना यहूदी विश्वासी त्यही सहरमा आइपुगेको वयान प्रेरित १८ः२४-२८मा यसरी दिइएको छ "२४ अलेक्जेन्ड्रिया-निवासी अपोल्लोस नाउँका एक जना यहूदी एफिससमा आए। तिनी एक जना कुशल वक्ता र धर्मशास्त्रमा पोख्त थिए। २५ तिनले प्रभुका मार्गको शिक्षा पाएका थिए, र आत्मामा उत्साहित भई तिनले येशूका विषयका कुराहरू ठीक-ठीकसँग बोल्ने र सिकाउने गर्थे। यद्यपि तिनले यूहन्नाको बप्तिस्मा मात्र जानेका थिए। २६ तिनी सभाघरमा साहसपूर्वक बोल्न थाले। तर तिनले बोलेका कुरा सुनेर प्रिस्किला र अकिलासले तिनलाई आफ्नो घरमा ल्याए, र परमेश्वरका मार्गको अर्थ झन् प्रष्टसँग बुझाइदिए। २७ तिनले अखैयामा जाने मन गर्दा भाइहरूले तिनलाई त्यहाँ जाने प्रोत्साहन दिए, र तिनलाई ग्रहण गरून् भनी त्यहाँका चेलाहरूलाई उत्साह दिएर पत्र लेखे। तिनले त्यहाँ पुगेर अनुग्रहद्वारा विश्वास गर्नेहरूलाई धेरै सहायता गरे। २८ किनकि तिनले धर्मशास्त्रका वचनद्वारा येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा देखाईकन यहूदीहरूलाई सबैका सामुन्ने बिलकुल निरुत्तर तुल्याए।" अपोल्लोस एक प्रभावकारी वक्ता र धर्मशास्त्रमा अत्यन्त ज्ञान भएका भएतापनि येशूको नाउँमा उनले बप्तिस्मा लिएका थिएनन्। यूहन्नाले उनलाई बप्तिस्मा दिएका थिए। यूहन्नाकै वचन सुनेर येशूसँग उनको चिनजान भएको थियो। तर उनी यरुशलेमबाट अर्कै ठाउँ अलेकजान्द्रियामा सरेका हुनसक्छन्। येशूको मृत्यु र पेन्टिकोस्ट भन्दा पहिला नै येशूको गतिविधि भएको क्षेत्रबाट उनी टाढा रहने गर्दथे भनेर हामीलाई आभास् दिन्छ।

जब अपोल्लोसले आक्विला र प्रिस्किला जाने सिनिगगमा गएर येशूको बारेमा प्रचार गरे तब उनमा केही विद्याको कमी भएको देखे र उनले केही कुरा सिक्नु जरुरी भएको ती दम्पत्तीले ठाने। धर्शशास्त्र बाइबलबाट नै येशू इस्राएलको मसीह हुनुहुन्छ भनेर अपोल्लोसले सिकाएतापनि (प्रेरित १८ः२८) येशूको सेवाकार्यपछि इसाई क्षेत्रमा भएको प्रगतिको बारेमा उनले जानकारी पाउनु आवश्यक थियो। आक्विला र प्रिस्किलाले अपोल्लोसलाई केवल इसाई

प्रगतिको बारेमामात्र जानकारी दिएनन् तिनीहरूले एफिससका अरू विश्वासीहरूसँग मिलेर उनको निम्ति अखेयियाका चर्चका सदस्यहरूलाई सम्बोधन गरेर सिफारिस पत्र लेखेर उनको हातमा सुम्पेका पनि थिए (प्रेरित १८:२७)। कोरन्थीमा उनको प्रभावकारी सुसमाचार सेवाकार्य गर्नको निम्ति उक्त सिफारिसले अनुमोदन गरेको थियो (१ कोरन्थी ३:४-६,४:६,१६:१२)।

**जब पावल एफिससमा आइपुगे तब त्यहाँ उनलाई के भयो? हेर्नुहोस् "१ अपोल्लोस कोरिन्थ सहरमा हुँदा पावल एशिया इलाकाको बीचबाट हुँदै एफिसस सहरमा आइपुगे। त्यहाँ पावलले प्रभुमाथि विश्वास गर्ने केही चेलाहरूलाई भेटे। २ उनले तिनीहरूलाई सोधे, "के तिमीहरूले प्रभुमा विश्वास गरेर पवित्र आत्मा पायौ?" तिनीहरूले भने, "पवित्र आत्मा हुनुहुन्छ भनेर त हामीले सुनेका पनि थिएनौं।" ३ फेरि पावलले सोधे, "त्यसो भए तिमीहरूले कस्तो किसिमको बप्तिस्मा पायौ त?" तिनीहरूले जवाफ दिए, "यूहन्नाले सिकाएको बप्तिस्मा पायौं।" ४ पावलले भने, "यूहन्नाले सिकाएको बप्तिस्मा पापबाट मन फिराउनको लागि हो। उनले त 'मभन्दा पछि आउनुहुनेमाथि नै विश्वास गर' भनेर मानिसहरूलाई बताए। उनको पछि आउनुहुनेचाहिँ येशू नै हुनुहुन्थ्यो।" ५ यो सुनेपछि तिनीहरूले प्रभु येशूको नाउँमा बप्तिस्मा लिए। ६ अनि पावलले आफ्नो हात तिनीहरूमाथि राखे र पवित्र आत्मा तिनीहरूमाथि आउनुभयो। त्यस बेला तिनीहरूले अन्य भाषाहरू बोले र अगमवाणी बोल्न थाले। ७ तिनीहरू जम्मा बाह्र जना थिए।" प्रेरित १९:१-७।**

बाह्र जना विश्वासीहरूसँग **अपोल्लोस** गाँसिएको विवरण पावल एफिससमा आउँदा यहाँ उल्लेख गरिएको छ। तिनीहरू सबैको अवस्था एकै खालको थियो। तिनीहरूलाई चेला भनेर वयान गरिएको (प्रेरित १९:२) र पावलको प्रश्नले (प्रेरित १९:१) तिनीहरूल येशूलाई विश्वास पहिले नै गरेका थिए भनेर देखाउँछ। तिनीहरू बप्तिस्मा दिने यूहन्नाका चेलाहरू थिए र येशूलाई विश्वास गरेतापनि तिनीहरूले पेन्टिकोस्टको अनुभव गरेका थिएनन् भनेर तिनीहरूको जवाफले बताउँछ। तिनीहरूमा **अपोल्लोस पनि त्यही अवस्थाका** थिए। येशू प्रभुमा गहिरो सम्बन्ध राखेर सत्य आनन्द मनाउने अवसर तिनीहरूले पाउनुपरेको थियो।

"जब पावल एफिससमा आइपुगे तब उनले बाऱ्ह जना **अपोल्लोस** जस्तै बप्तिस्मा दिने यूहन्नाका चेलाहरू भेटेका थिए। पावल जस्तै तिनीहरूमा पनि येशू ख्रीष्टको लक्ष्यको बारेमा केही ज्ञान थियो। ती बाऱ्ह चेलाहरू

**अपोल्लोस** सरह धर्मशास्त्रको ज्ञानमा पोख्त र प्रचार गर्न सिपालु नभएतापनि तिनीहरू भित्री हृदयदेखि नै इमान्दारसाथ आफूले पाएका ज्ञानहरूलाई परदेशमा प्रचार गर्न उत्सुक थिए।"–एलेन जी ह्वाइट, द आक्टस् अभ द आपोस्टलस, पृ. २८१बाट रूपान्तरित।

उपर्युक्त परिस्थितिलाई ध्यानमा राखेर पुन बप्तिस्माको बारेमा हामीले हेर्नुपर्दछ। **अपोल्लोस र** उनका साथीहरू अरू कुनै इसाई सम्प्रदायबाट आएका थिएनन् न त तिनीहरूले आमरूपमा आत्मिक परिवर्तनको अनुभव गरिरहेका थिए। तिनीहरूलाई इसाई चर्चको मूल धारमा ल्याइएको थियो। पवित्र आत्मा पाएर तिनीहरूले अन्य भाषामा बोलेको विवरणले तिनीहरू **अपोल्लोस** जस्तै इसाई प्रचारकहरू थिए भन्ने बताउँछ। अब तिनीहरू थप ज्ञान पाएर येशूको नाउँमा बप्तिस्मा लिएपछि तिनीहरूलाई जहाँ गएतापनि येशूको बारेमा एकमत भएर प्रचार गर्न पावल सहितको चर्चले पूर्णरूपमा अधिकार दिएका थिए।

## २. एफिससः भाग २

पावलले आफ्नो चलन अनुसार एफिससमा पनि सुसमाचार प्रचार गर्न पहिले सिनिगग वा यहूदीहरूको सभाघरमा गए। तर त्यहाँ तिनीहरूले यहूदीहरूतर्फबाट ठूलो बिरोधको सामना गरेपछि तिनीहरू सार्वजनिक सभा घरमा गए। त्यस ठाउँलाई टाइरानुस भनिन्थ्यो। त्यहाँ पावलले दुई वर्षसम्म दिन दिनै प्रचार गरे (प्रेरित १९:८-१०)। पावलले एफिससमा गरेको सुसमाचारीय सेवाकार्यले गर्दा पूरै क्षेत्र प्रभावकारी रूपमा सुसमाचारले ढाकिएको थियो भनेर लूकाले संक्षिप्तरूपमा बताउँछन् (प्रेरित १९:१०,२६)।

एफिसस सहरका साधारण मानिसहरू अन्धविश्वासी थिए, तिनीहरू टुनामुनामा लागेका थिए र जादुमा विश्वास गर्दथे। यस्तो वातावरण भएको सहरमा लूकाले केही आश्चर्य कामहरू थप्दछन् जसले परमेश्वरको शक्तिले विजय पाएको देखाइएको थियो। पावलद्वारा परमेश्वरले बिरामीहरू निको पार्न सक्नुहुन्थ्यो भन्ने कुरामा केही शंङ्का छैन। कसैको रुमाल र लुगाहरू उनले छोएमात्र तिनीहरूद्वारा निको पार्ने शक्ति उनबाट बगेको (प्रेरित १९:१२) कसैको निम्ति अनौठो हुन सक्छ। यस बृतान्तले येशूले एक जना बाह्र वर्षसम्म रगत बग्ने व्यथाले ग्रस्त भएकी महिलाको बारेमा याद दिलाउँछ। उनले येशूको पछ्यौरा छोए पछि उनको व्यथा तुरन्तै निको भएको थियो (लूका ८:४४)। परमेश्वरले असाधारण आश्चर्य कामहरू पावलबाट गर्नुभयो

भनेर प्रेरित १९:११ले बताउँछ। मानिसहरूले बुझ्ने तहमा परमेश्वरले तिनीहरूको आवश्यकता पूरा गर्नुभएको हुनसक्छ।

एफिससमा आफ्नो कामप्रति संतोष पाएपछि पावलले यरुशलेममा जाने निर्णय गरे (प्रेरित १९:२१)। लूकाले पावलको त्यस यात्राको खास कारण नबताएतापनि पावलको आफ्नै वयानले यरुशलेमको चर्चमा रहेका गरिव विश्वासीहरूको निम्ति संकङ्लन गरिएको चन्दा दिन जान चाहेका थिए भनेर बताउँछ (रोम १५:२५-२७, १ कोरन्थी १६:१-३)। सम्राट् क्लोडियासको समयमा अत्यन्त चर्को अनिकाल परेको थियो। त्यसबेला यरुशलेममा रहेका विश्वासीहरू भोकमरीमा परेका थिए। पावलले आफ्नो यात्राको सुरूमा तिनीहरूको सहायताको निम्ति चन्दा सङ्कलन गरेका थिए। तिनीहरूले पावललाई सहायताको निम्ति अनुरोध गरेका थिए (गलाती २:१०)। आफू यरुशलेम जाँदा विश्वासीहरूले आफू प्रेरित भएको विश्वस्त बनाउन चाहेका थिए। साथै अब विभिन्न संस्कार र देशहरूका मानिसहरूले येशूलाई विश्वास गरेर चर्च एकताको शुत्रमा बाँधिएका थिए र उनी यरुशलेम जाँदा सबै विश्वासीहरूको मनोबल उठ्ने अबसर मिल्नेभएको थियो। उनलाई यो पनि थाहा थियो कि यरुशलेममा जाँदा उनले बिरोधीहरूको सामना गर्नुपर्ने छ र आफ्नो जीवनलाई जोखिममा पार्नु पर्नेछ (प्रेरित २०:२२,२३, रोमी १५:३१।

**पावलको एफिससमा रहँदा उनको काममा सफलता मिलेतापनि उनले विरोधीहरूको पनि सामना गर्नुपरेको थियो। अन्तमा आएर उनले आफ्नो एफिससको बसाई पनि अन्त गर्नुपरेको थियो जुन् प्रेरित १९:२३-४१ले बताउँछ। हेर्नुहोस् एफिससमा पावलको गतिविधि र त्यस सहरबाट पावल जानुपरेको कारणः "१३ तर कुनै-कुनै यताउता घुमफिर गर्ने यहूदी झारफूकेहरूले भूतात्मा लागेकाहरूलाई प्रभु येशूको नाउँ उच्चारण गर्दै यसो भने, “पावलले प्रचार गरेका येशूद्वारा म तँलाई आज्ञा गर्दछु।” १४ त्यहाँ एक जना स्केवास नाउँ भएको यहूदी प्रधान पूजाहारीका सात जना छोराहरूले यसो गर्थे। १५ तब भूतात्माले जवाफ दिएर तिनीहरूलाई भन्यो, “येशूलाई म चिन्छु, र पावललाई पनि म चिन्छु, तर तिमीहरूचाहिँ को हौ?” १६ त्यो भूतात्मा भएको मानिस तिनीहरूमाथि उफ्रँदै आयो, र तिनीहरू सबैलाई वशमा पारेर तिनीहरूलाई पछ्यार्‍यौ र तिनीहरू त्यस घरबाट नाङ्गो र घाइते भएर भागे। १७ यो कुरा एफिसस-निवासी, यहूदी र ग्रीकहरूमा जाहेर भयो। अनि तिनीहरू सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो। १८ विश्वास गरेकाहरू धेरै जना**

आए, र तिनीहरूले गरेका आफ्ना-आफ्ना दुष्ट कामहरूको स्वीकार गरे र ती
प्रकट गरे। १९ तिनीहरूमध्ये धेरै जना, जस-जसले टुनामुना गर्थे, आफ्ना-आफ्ना
पुस्तकहरू बटुलेर ल्याए, र सबैका सामुन्ने जलाइदिए। तिनीहरूले तिनको मोल
गर्दा पचास हजार चाँदीका सिक्काको हिसाब लाग्यो। २० यसरी प्रभुको वचन
फैलँदैगयो, र प्रभावशाली भयो। २१ यी घटनाहरूपछि, पवित्र आत्माको प्रेरणामा
पावलले अखैयाको बाटो भएर यरूशलेम जाने निर्णय गरे। तिनले भने, "त्यहाँ
पुगेपछि म रोम जानैपर्छ" २२ तिनका सेवा गर्नेहरू दुई जना, तिमोथी र
इरास्तसलाई तिनले माकेडोनियामा पठाए, तर तिनी आफैचाहिँ केही दिन एशियामै
बसे। २३ त्यही बेलातिर यस मार्गको विषयमा खूबै हलचल मच्चियो। २४
किनभने डेमेत्रियस नाउँ भएको एक जना चाँदीको शिल्पकारले आर्तेमिस देवीका
चाँदीका स-साना मन्दिरहरू बनाएर कारीगरहरूलाई धेरै काम दिलाउँथ्यो। २५
तब यिनीहरूलाई र अरू यस्तै पेशा भएकाहरूलाई त्यसले जम्मा गरेर भन्यो,
"भाइ हो, तिमीहरूलाई थाहै छ, कि यही व्यापारबाट हामीलाई राम्रो आम्दानी
हुन्छ। २६ तिमीहरू देखिरहेछौ र सुनिरहेछौ, कि एफिससमा मात्र होइन, तर
प्रायः समस्त एशियामा हातले बनाएका देवदेवताचाहिँ केही होइन भनी पावलले
धेरै मानिसहरूका समूहलाई फुस्लाएर बहकाई लगेको छ। २७ यसकारण हाम्रो
व्यापारको प्रतिष्ठा नाश हुने मात्र होइन तर महान् देवी आर्तेमिसको मन्दिरसमेत
बेकम्मा हुनेछ, र सारा एशिया र संसारले मानिआएको देवी आफ्नो गौरवबाट
पतित हुनेछिन्।" २८ यो सुनेर तिनीहरू रीसले चूर भए, र "एफिसीहरूकी
आर्तेमिस महान् हुन्।" भनी चिच्च्याउन लागे। २९ सारा सहरमा होहल्ला
मच्चियो र तिनीहरू एक जुट भएर पावलका सहयात्री माकेडोनियावासी गायस र
अरिस्तार्खसलाई समातेर रङ्गशालाभित्र घिस्स्याउँदै लगे। ३० पावल
मानिसहरूको भीड़मा जान चाहे, तर चेलाहरूले तिनलाई जान दिएनन्। ३१
एशियाका कतिपय प्रमुख मानिसहरू पावलका मित्र थिए। तिनीहरूले पावललाई
रङ्गशालाभित्र नजानुहोस् भनी बिन्ती गरी पठाए। ३२ तब तिनीहरू भिन्नाभिन्नै
कुरा गर्दै चिच्च्याउन लागे। किनकि त्यो भीड़मा होहल्ला मच्चिएको थियो, र
धेरैजसो मानिसहरूले त तिनीहरू किन जम्मा भएका हुन् सो पनि जानेका
थिएनन्। ३३ भीड़का कति मानिसहरूले अलेक्जेन्डरलाई अगि सारे, जसलाई
यहूदीहरूले खड़ा गरेका थिए। अलेक्जेन्डरले हातले इशारा गरेर मानिसहरूका
सामुन्ने बचाउको निम्ति केही भन्ने इच्छा व्यक्त गरे। ३४ तर तिनीहरूले त्यो
त यहूदी रहेछ भन्ने थाहा पाएर सबै जनाले एक सोरले करीब दुई घण्टा जति

"एफिसीहरूकी आर्तेमिस महान् हुन्" भन्दै कराए। ३५ नगरका हाकिमले मानिसहरूलाई शान्त पारेपछि भने, "एफिससका मानिस हो, एफिसीहरूको सहरचाहिँ महान् आर्तेमिसको मन्दिर र आकाशबाट खसेको उसको मूर्तिको रक्षक हो भन्ने कुरा कसलाई थाहा छैन र? ३६ तपाईंहरू जान्नुहुन्छ यो कुरा अकाट्य छ, यसकारण तपाईंहरू शान्त हुनुपर्छ र कुनै उत्ताउलो काम गर्नुहुँदैन। ३७ किनभने तपाईंहरूले ल्याउनुभएका यी मानिसहरूले मन्दिर लुटेका छैनन् र हाम्री देवीको अपमान पनि गरेका छैनन्। ३८ यसकारण यदि डेमेत्रियस र तिनीसँग हुने कारीगरहरूको कसैको विरुद्धमा केही उजूर भए अदालतहरू खुला छँदैछन्, र न्यायाधीशहरू पनि छँदैछन्, तिनीहरू एक-अर्काको विरुद्ध मुद्दा लडून्। ३९ तर यसबाहेक अरू नै विषय उठाउन चाहनुहुन्छ भनेता त्यसको फैसला नियमित सभामा हुनेछ, ४० किनकि आजको यस हूलदङ्गाको दोष हामीमाथि लाग्ने खतरा छ। किनभने यो कारणैविनाको दङ्गाफसादको केही स्पष्टीकरण हामी दिन सक्नेछैनौं।" ४१ यति भनेर तिनले सभालाई विसर्जन गरे।" प्रेरित १९:१३-४१।

पावलको प्रचारले गर्दा एफिससको प्रख्यात देवीको पूजाको मामिलामा एफिससबासीहरूको धर्ममा धक्का पुगेको थियो। त्यसले गर्दा उनले त्यहाँ ठूलो बिरोधको सामना गर्नुपर्‍यो। डेमोत्रियसको वास्तविक नियत पैसा कमाउनेमा थियो। आफ्नो आय कम हुने सम्भावना देखेर आफ्नो स्वार्थलाई उसले धार्मिक मामिलामा प्रयोग गरेर एफिससका बासिन्दाहरूको क्रोध उठाउन ऊ सफल भयो। तत्कालीन विश्वले मानेका सात अचम्म स्तम्भ वा सम्पदाहरूमा आर्तेमिस वा दायनाको मन्दिर एफिससमै थियो।

डेमोत्रियसले बडो चलाखीका साथ आफ्नो चाँदीको मूर्ति बनाउने व्यवसायलाई जोगाउन र पैसा थुपार्न धर्मलाई प्रयोग गरेर आफू धर्मात्मा वा धर्मको रक्षक भनेर देखाइरहेको थियो। धर्मको रक्षा गर्ने नाउँमा आफ्नो स्वार्थ डेमोत्रियसले यसरी प्रयोग गरेको थियो, "यसकारण हाम्रो व्यापारको प्रतिष्ठा नाश हुने मात्र होइन तर महान् देवी आर्तेमिसको मन्दिरसमेत बेकम्मा हुनेछ, र सारा एशिया र संसारले मानिआएको देवी आफ्नो गौरवबाट पतित हुनेछिन्।" प्रेरित १९:२७। इसाईहरूले पनि आफ्नो विश्वासलाई देखावटी गरेर इसाई धर्मको नाउँमा धन कमाउने नियतदेखि टाढा भएर बस्न कसरी सतर्क हुने?

## ३. त्रोआस

हुलदङ्गा भएपछि पावलले एफिसस छोड्ने निर्णय गरे। तर उनी सिधै नगइकन माकेडोनिया र अखेयिया सहरहरू भएर लामो बाटोबाट यरुशलेममा गए ( प्रेरित २०:१-३)। उनको यात्रामा केही अयहूदी चर्चका विश्वासीहरू पनि उनको साथमा थिए (प्रेरित २०:४)।

**कतिपय इसाईहरूले सबाथलाई शनिबारबाट आइतबारमा सारियो भनेर तर्क गर्दछन्। त्यो तर्क किन गलत छ भनेर प्रेरित २०:७-१२ले कसरी प्रमाणित गरेर देखाउँछन्? हेर्नुहोस् "१ यो खैलाबैला थामिएपछि पावलले चेलाहरूलाई डाकिपठाए, र तिनीहरूलाई अर्ती दिए, र तिनीहरूसँग बिदा भई माकेडोनियातर्फ लागे। २ त्यहाँका इलाकाहरूमा गएर तिनीहरूलाई धेरै प्रोत्साहन दिएपछि तिनी ग्रीसमा गए। ३ त्यहाँ तिनले तीन महिना बिताए। तिनी सिरियातर्फ जहाजद्वारा यात्रा गर्न लाग्दा यहूदीहरूले तिनको विरुद्धमा षड्यन्त्र गरेका हुनाले पावलले माकेडोनिया भएरै फर्कने निश्चय गरे। ४ तब बेरिया-निवासी पुरसका छोरा सोपात्रोस, थेसलोनिकेबाट अरिस्तार्खस र सिकन्दस, डर्बीका गायस, अनि तिमोथी र एशियाका तुखिकस र त्रोफिमस तिनको साथ गए। ५ यिनीहरू अगाडि नै पुगेर हामीलाई त्रोआसमा पर्खिरहेका थिए। ६ तब हामीचाहिँ अखमिरी रोटीको चाड़का दिनहरूपछि फिलिप्पीबाट जहाजमा यात्रा गरी पाँच दिनमा त्रोआसमा तिनीहरूकहाँ आयौं, र त्यहाँ सात दिन रह्यौं। ७ हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले, तिनीहरूसँग मध्यरातसम्म बातचित गरिरहे। ८ हामी भेला भएको माथिल्लो तलाको कोठामा धेरै बत्तीहरू थिए। ९ युटिकस नाउँ भएको एक जना युवक झ्यालमा बसेको थियो। पावलले धेरै बेरसम्म कुरा गरिरहँदा त्यो गहिरो निद्रामा पऱ्यो र निद्राको वशमा परी त्यो तेस्रो तलाबाट खस्यो र त्यसलाई तिनीहरूले मृत अवस्थामा उठाए। १० तब पावल तल ओर्ले, र घोप्टो परी त्यसलाई अँगालो हाले र भने, "नघबराओ किनभने त्यो जीवितै छ।" ११ तब तिनी माथि उक्ले अनि रोटी भाँचेर खाइसकेपछि बिहान उज्यालो नभइञ्जेल धेरै बेर बातचित गरिबसे। त्यसपछि बिदा भए। १२ अनि तिनीहरूले त्यस युवकलाई जीवित अवस्थामै लगे र धेरै सान्त्वना पाए।" प्रेरित २०:१-१२।**

त्रोआस सहरमा पावल रोकिए र त्यहाँ विश्वासीहरूसँग भेटघाट गरे। तिनीहरू हप्ताको पहिलो दिनमा विश्वासीहरूसँग भेला भए (प्रेरित २०:७)।

तिनीहरू रोटी खान भेला भएका थिए। सायद प्रभु भोजको निम्ति पनि भेला भएको हुनसक्छन्। यरुशलेमको सुरूको चर्चमा नै सङ्गति गरेर खानपिन गरे वा नगरेर प्रभुभोज गर्दथे (प्रेरित २:४२,४६)। कचौरा र प्रार्थना उल्लेख नगरिएतापनि प्रभु भोजको सम्भावना थिएन भन्नु हुँदैन। तर यस कथालाई उल्लेख गरेर कतिपय इसाईहरूले पावलको समयदेखि नै अयहूदी चर्चहरूमा आराधनाको दिन शनिबारबाट आइतबारमा सारिएर आराधना गर्न थालिएको प्रमाण हो भनेर जिकिर गर्दछन्।

तैपनि पावलको समयदेखिनै आइतबार पालन गर्दै आइएको थियो भनेर दावी गर्नुभन्दा पहिले जुन स्थानमा सङ्गति सभा भएको थियो, जुन दिनमा सभा भएको थियो र सभा कस्तो किसिमको थियो भनेर बुझ्नु आवश्यक छ। बत्ती थियो भनेर उल्लेख गर्दा (प्रेरित २०:८), रातभरी र बिहानसम्म पावलले प्रवचन दिएका थिए (प्रेरित २०:१,७) र युतिकस मस्त निन्द्रामा परेको थियो (प्रेरित २०:९) जस्ता वाक्यहरूले पावलले राती विश्वासीहरू भेला गरेर सिकाएका थिए भनेर स्पष्ट छ।

फेरि आइतबारको अघिल्लो रात हो कि आइतबार पछिको रात हो त्यो प्रश्न पनि सोचनिय नै छ। त्यसको जवाफ त्यसमा भर पर्छ जुन कि लूकाले कुन् समय प्रणालीको आधारमा सो उल्लेख गरेका थिए। बेलुकी घाम अस्ताएपछिदेखि अर्को दिन घाम नअस्ताएसम्मको दिनरात समयावधिलाई भनिन्छ भने रोमीहरूको चलनमा एक मध्य रातदेखि अर्को मध्य रातसम्म एक दिन मानिन्छ। यदि यहूदीहरूको चलनलाई मान्ने हो भने पावलले सम्बोधन गरेको समय शनिबार राति हुन आउँछ, तर यदि रोमीहरूको समयलाई विश्वास गर्ने हो भने आइतबार रात भनेर मान्नुपर्छ।

जेभएतापनि जुन रातमा पावलले सम्बोधन गरेका थिए त्यो विशेष समय थियो किनभने भोलिपल्ट बिहान पावल यात्रामा जानुपरेको थियो। त्यसकारण त्यस आराधना सभा आइतबार बेलुका नै भएतापनि नियमित सभा थिएन। त्यसले गर्दा यो अलग र विशेष भेटघाट वा पावलको बिदाई सभालाई नै लिएर सबाथको गरिमालाई शनिबारबाट आइतबारमा सारियो भन्ने धारणा उचित देखिन्दैन। यस्तो आकलझुकल घट्नालाई लिएर बाइबलको शिक्षालाई तोड्नु मनासिव देखिँदैन।

**सबाथ दिनको महत्त्वको बारेमा जति धेरै सक्दो त्यति कारणहरू सोच्नुहोस्। हामी सेभेन्थ डे एडभेन्टिस्टको चिनारी सबाथ पालनले देखाउँदछ।**

बाइबलमा धेरै यस्ता प्रभावकारी पदहरू छन् जसले हप्ताको सातौं दिन सबाथलाई समर्थन गर्दछन्। तिन स्वर्गदूतहरूका सन्देशहरूमा सृष्टिकर्ताको आराधना गर भनेर सम्बोधनगरिएको छ। सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई सबाथ र तिन स्वर्गदूतहरूको सन्देश सारा संसारभरि फैलाउन अभिभारा सुम्पिएकोमा हामीहरूले के गरिरहेकाछौं?

## ४. मिलेटस

**यरुशलेम जाने क्रममा पावल** मिलेटस भन्ने स्थानमा रोकिए। त्यहाँ तिनले एफिसीका चर्चका अगुवाहरूलाई आफ्नो बिदाई संदेश दिएका थिए।

एफिसीका अगुवाहरूलाई सम्बोधन गरेको संदेशको सुरूमा कुन विषयलाई पावलले जोड दिएका थिए। हेर्नुहोस् प्रेरित २०:१३-३८ तर विशेष गरेर १५-२७ "१३ हामी अघिबाटै जहाजसम्म गयौं र जहाजमा चढ़ी हामी अस्सोस गयौं। हामी पावललाई त्यहाँ जहाजमा चढ़ाउन चाहन्थ्यौं। पावलले यस्तै बन्दोबस्त गरेर तिनी अस्सोससम्म पैदलै गएका थिए। १४ अनि जब तिनले हामीलाई अस्सोसमा भेटे, हामीले तिनलाई जहाजमा चढ़ायौं, र मितिलेनेमा आयौं। १५ त्यहाँबाट जहाजमा यात्रा गरेर भोलिपल्ट खियसको छेउमा आइपुग्यौं, र पर्सिपल्ट सामोसमा आइपुग्यौं। त्यसको अर्को दिन मिलेटसमा आयौं, १६ एशियामा समय बिताउने विचार नभएको हुनाले तिनले एफिसस नपसी जाने निश्चय गरे। किनभने सम्भव भए पेन्तिकोसको दिन यरूशलेममै पुग्ने तिनले आतुरी गरिरहेका थिए। १७ तिनले मिलेटसबाट एफिससमा मानिस पठाएर मण्डलीका एल्डरहरूलाई बोलाइपठाए। १८ जब उनीहरू तिनीकहाँ आए तिनले उनीहरूलाई भने, "एशियामा पाइला टेकेको पहिलो दिनदेखि नै मैले समस्त समय तपाईंहरूका बीचमा कुन किसिमले बिताएँ सो तपाईंहरू जान्नुहुन्छ। १९ पूर्ण नम्रतामा आँसु बगाउँदै, यहूदी षड्यन्त्रको परीक्षामा पनि मैले प्रभुको सेवा गरें। २० तपाईंहरूको लाभ हुने कुरा तपाईंहरूका सामुन्ने घोषणा गर्नदेखि र घर-घरमा सबैका सामुन्ने तपाईंहरूलाई शिक्षा दिनदेखि म पछि हटिनँ। २१ यहूदीहरूलाई र ग्रीकहरूलाई पश्चात्ताप गरेर परमेश्वरपट्टि फर्कनू र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास राख्नू भन्ने कुराको गवाही मैले दिएको छु। २२ "अब हेर्नुहोस्, म पवित्र आत्मामा बाध्य भएर यरूशलेमतिर जाँदैछु, त्यहाँ मलाई के-कसो परिआउने हो सो म केही जान्दिनँ। २३ यति मात्र जान्दछु, कि हरेक सहरमा कैद र कष्ट ममाथि परिआउँछ भन्ने पवित्र आत्माले

मलाई गवाही दिनुहुन्छ। २४ तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिनँ। यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ। २५ “अब हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै, जस-जसलाई मैले राज्यको प्रचार गर्दै हिँडे, तपाईंहरूले मेरो मुख फेरि कहिल्यै देख्नुहुनेछैन। २६ यसैकारण आजको दिन म तपाईंहरूलाई गवाही दिँदछु, कि म कसैको रगतको दोषी हुनेछैनँ। २७ किनभने परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ। २८ तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्। २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होसियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें। ३२ “अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ। ३३ मैले कुनै मानिसको सुन, चाँदी, कि वस्त्रको लोभ गरिनँ। ३४ तपाईंहरू आफै जान्नुहुन्छ कि मेरा यिनै हातले मेरो आफ्नै र मेरा साथमा भएकाहरूको आवश्यकतालाई पूरा गरेका छन्। ३५ मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि 'लिनुभन्दा दिनु अझ धन्य हो।'” ३६ यति भनेर तिनले घुँड़ा टेके र उनीहरू सबैका साथमा प्रार्थना गरे। ३७ उनीहरू सबै रोए, र पावललाई अँगालो हालेर चुम्बन गरे। ३८ उनीहरूले फेरि कहिल्यै तिनको मुख देख्नेछैनन् भनी पावलले भनेका कुरामा तिनीहरूले ज्यादै शोक गरे। अनि उनीहरूले तिनलाई जहाजमा पुऱ्याए।

नयाँ यात्रामा **रोम** र स्पेन हुँदै जाने भएकोले (रोमी १५:२२-२९) आफू फेरि एशियामा कहिल्यै फर्किन सक्नेछैन भनेर पावलले विश्वास गरेका थिए। त्यसकारण एफिससमा धेरै वर्षसम्म रहँदा पावलले आफ्नो गतिविधिको हिसाब दिएर आफ्नो प्रवचन सुरू गरेका थिए। उनले विगत समयमा

एफिसीहरूसँग समय बिताउँदा उनले के गरे र आफ्नो भविष्यको बारेमा पनि जानकारी दिएका थिए। यरुशलेममा उनलाई के हुनेछ सो थाहा नपाएतापनि त्यसप्रति उनी त्रसित भएका थिए।

यरुशलेममा उनलाई के हुनेछ सोको डर आधारहीन थिएन। इसाईहरू नै किन नहुन् यरुशलेममा रहेका यहूदी इसाईहरूले उनलाई शङ्काको दृष्टिले हेरेका थिए। उनलाई विगतको समयमा सतावट दिइएको कारणले र यहूदी धर्मको खतना समेत गरेर अरू परम्पराबाट स्वतन्त्र हुने सन्देश (प्रेरित २१:२०-२६) उनले प्रचार गरेकोले उनीप्रति इसाई खोल लगाएका यहूदीहरू उनीप्रति रुष्ट भएका थिए। यहूदी धर्मका पण्डित तथा अधिकारीहरूको सामु पावल परम्परा यहूदी धर्म नाश गर्ने विश्वासघातीको रूपमा प्रख्यात थिए। पाश्चात्य देश रोमको अन्यायपूर्ण राजले गर्दा इस्राएल देशबासीहरूको हृदयमा रोमप्रति विद्रोही भावना जलिरहेको थियो। यहूदीहरूको बीचमा राष्ट्रवादको अभियान पनि चलिरहेको थियो। यस्तो खालको मनस्थिति इस्राएलको सबै क्षेत्रमा सल्किरहेको थियो। आफ्नो यहूदी जातमात्र चोखो ठान्ने यहूदी इसाईहरूको चर्चमा पनि यहूदी परम्परा र राष्ट्रियताको जोश पसिरहेको थियो भन्न सकिन्थ्यो। यस्तो परिवेशमा एक पटक यहूदी फरिसी पण्डित भएका, अन्य जातिहरू वा यहूदीहरूले अछुत ठानिने जातिहरूको बीचमा सुसमाचार सुनाउने पावल यहूदीहरूको निम्ति कुख्यात बन्न पुगेका थिए (प्रेरित २१:२७-३६)।

पावलले अरू चिन्ताहरू पनि व्यक्त गरेका थिए। आफ्नो अनुपस्थितिमा अनेकौं झुठा इसाई धर्मगुरुहरू आएर चर्चलाई बिगार्नेछन् र त्यस्ता मानिसहरूलाई कसरी सम्हाल्ने भनेर पावलले एफिसस चर्चका अगुवाहरूलाई जानकारी दिएका थिए। इसाई धर्मको खोल लगाएर स्थापित चर्चलाई बिगार्न र गलत बाटोमा लान खोज्ने धर्मगुरूहरू जङ्गली ब्वासाहरू हुन् भनेर पावलले स्पष्टरूपमा देखावटी इसाईहरूको भन्डाफोर गरेका थिए। त्यसकारण चर्चको सुरूदेखि नै इसाई धर्मको खोल ओढेर आउने धोखेवाज इसाईहरूको खतरा वास्तविक थियो। धेरै वर्ष अघि राजा सोलोमनले अर्कै परिवेशमा भनेका थिए: "सूर्यको मुनि केही नयाँ कुरा छैन।" (उपदेशक १:९ रूपान्तरित)। झुठा इसाई वा धर्मगुरूहरूले चर्चलाई विश्वासै गर्न नसकिने गरेर हानी पुऱ्याएका र पुऱ्याइरहेका इसाई चर्चको इतिहासले प्रकट गर्दछ। यस खालको समस्या युगको अन्तसम्म रहिरहनेछ (२ तिमोथी ४:३)।

पावलको मनमा धेरै कुराहरू थिए र धेरै चिन्ताहरू पनि थिए तैपनि परमेश्वरप्रति आफ्नो विश्वास र आफूले गर्ने कामलाई कसैले हल्लाउन नसक्ने प्रतिवद्धता पावलमा थियो।

**२ कोरन्थी ४:७-१४मा पावलले के तितोसत्य व्यक्त गरेका छन्? हामीहरूको जीवनमा पनि दुःख कष्ट र परिक्षाहरू आउँदा पावल जस्तै कसरी निडर भएर बस्ने? पावलले आफ्नो अन्तिम आशा कसमाथि राखेका थिए? पढ्नुहोस् "७ तिमीहरूका निम्ति हाम्रो आशा दृढ़ छ। किनकि हामी जान्दछौं, कि जसरी तिमीहरू हाम्रा दुःखमा सहभागी छौ, त्यसरी नै हाम्रो सान्त्वनामा पनि तिमीहरू सहभागी हुनेछौ। ८ भाइ हो, हामीले एशियामा भोगेका दुःखको विषयमा तिमीहरू अजान रहो भन्ने हामी चाहँदैनौं। किनभने हामी सहन नसक्ने किसिमले यति साह्रो मिचिएका थियौं, कि जीवनदेखि हामीले हरेस खाइसकेका थियौं। ९ हामीलाई त मृत्युदण्ड नै पाएझैं लागेको थियो। हामी आफैमाथि होइन तर मृतकहरूलाई जीवन दिई उठाउनुहुने परमेश्वरमाथि हामी भर परौं भनेर यो हुन आयो। १० उहाँले हामीलाई यस्तो भयानक जोखिमबाट छुटाउनुभयो, अनि उहाँले हामीलाई छुटाउनुहुनेछ। उहाँमाथि नै हामीले हाम्रो भरोसा राखेका छौं, कि उहाँले हामीलाई फेरि पनि छुटाउनुहुनेछ। ११ तिमीहरूले पनि प्रार्थनाद्वारा हामीलाई सहायता गर्नैपर्छ। तब धेरै प्रार्थनाको प्रत्युत्तरमा हामीलाई प्राप्त भएको आशिष्को निम्ति धेरैले हाम्रा पक्षमा धन्यवाद चढ़ाउनेछन्। १२ यस कुरामा हामी गर्व गर्छौं, अनि हाम्रो विवेकले पनि त्यसको गवाही दिन्छ, कि संसारमा र विशेष गरी तिमीहरूसँगको हाम्रो सम्बन्धमा हामी पवित्रता र ईश्वरीय सत्यतामा चलेका छौं, यो सांसारिक बुद्धिअनुसार होइन, तर परमेश्वरको अनुग्रहबाट हो। १३ किनकि तिमीहरूले पढ्न र बुझ्न नसक्ने केही कुरा हामी तिमीहरूलाई लेख्दैनौं, र म आशा गर्दछु, कि तिमीहरूले पूर्ण रूपले बुझ्नेछौ, १४ कि जसरी तिमीहरूले हामीलाई केही मात्रामा बुझेका छौ, त्यसरी नै हाम्रा प्रभु येशूको दिनमा तिमीहरूले हामीलाई सम्पूर्ण प्रकारले बुझ्नेछौ, र तिमीहरू हाम्रा निम्ति गर्व गर्न सक्नेछौ, जसरी हामी तिमीहरूका निम्ति गर्व गर्न सक्नेछौं।"**

## ५. टुरोस र केसरिया

मिलेटसको यात्रापछि लूकाले पावलको यात्राको बारेमा केही बिस्तृतरूपमा प्रकट गर्दछन्। यरुशलेमकै यात्राको क्रममा पावलले टुरोस

सहरमा एक हप्ता बिताएका थिए। यो सहर फोनिके समुद्रको किनारामा थियो। त्यहाँ जहाज आउने जाने बन्दरगाह थियो। पावलले यात्रा गरिरहेको जहाजबाट मालसामान उतार्न जहाज टुरोसमा रोकिएको थियो (प्रेरित २१:१-४)। जब पावल त्यस सहरमा थिए तब विश्वासी जनहरूले उनलाई यरुशलेममा नजान अनुरोध गरेका थिए। पवित्र आत्माकै अगुवाईमा पावललाई यरुशलेम नजान विश्वासीहरूले गरेको अनुरोधलाई अघिल्लो समयमा उनलाई भएको पवित्र आत्माको अगुवाईसँग बाझिएको भन्न मिल्दैन। लूकाले प्रयोग गरेको ग्रीक भाषा *etheto en tō pneumatic* *(एथेटो अन टु नुमाटिक) हो।* त्यसको अर्थ पवित्र आत्मामा निर्णय गरेको भनेर भन्नेहुन्छ। तर पावल आफैले आफ्नो स्वइच्छाले निर्णय गरेको भनिन्दैन (प्रेरित १९:२१)। यो भन्न सकिन्छ कि पावलले सामना गर्नुपर्ने खतरा टुरोसका इसाईहरूद्वारा पवित्र आत्माले देखाउन खोजेका थिए। त्यसकारण मानवीय आधारमा पावललाई आफ्नो यात्रालाई निरन्तरता नदिन विश्वासीहरूले अनुरोध गरेका थिए किनकि यरुशलेममा उनले महाकष्ट पाउनेछन् भन्ने आभास् तिनीहरूले पाएका थिए (प्रेरित २०:२२,२३)। येशूप्रतिको विश्वासको धरोहर मानिएका पावल जस्तो व्यक्तिलाई पनि परमेश्वरको अगुवाई सधैं स्पष्ट हुन्छ भन्ने छैन।

**प्रेरित २१:१-१६ पढ्नुहोस्। विशेष गरेर पद १०-१४मा पावलको यरुशलेमको यात्राको प्रसङ्गमा कैसरियामा बिशेष घट्ना घटेको लेखिएको छ। त्यो के हो? पढ्नुहोस्: "१ उनीहरूसँग बिदा भई हामी जहाजमा चढ़ेर सीधै कोसमा आयौं, र भोलिपल्ट रोडसमा र त्यहाँबाट पटारामा आइपुग्यौं। २ अनि फोनिकेमा जाने एउटा जहाज भेट्टाएर हामी त्यसैमा चढ़ेर गयौं। ३ जब साइप्रस देखा पर्‍यो, तब हामी त्यसलाई देब्रेतिर पारी सिरियातर्फ लागेर टुरोसमा उत्र्यौं। किनभने जहाजका मालसामान त्यहाँ उतार्नुपरेको थियो। ४ चेलाहरूलाई खोजी फेला पारेर तिनीहरूसँग हामी सात दिन त्यहाँ बस्यौं। पावललाई यरूशलेममा नजानू भनी तिनीहरूले पवित्र आत्माद्वारा भने। ५ त्यहाँबाट हाम्रो हिँड्ने बेला भएपछि हामी बिदा भएर आफ्नो यात्रामा निक्लियौं। आफ्ना जहान र बालबच्चाहरूसमेत तिनीहरू जम्मै हामीलाई सहर बाहिरसम्म पुर्‍याउन आए, र हामीले समुद्र किनारमा घुँड़ा टेकी प्रार्थना गर्‍यौं, र एक-अर्कासँग बिदा भयौं। ६ तब हामी जहाजमा चढ़्यौं, र तिनीहरूचाहिँ आफ्ना घर फर्के। ७ टुरोसबाट समुद्र-यात्रा गरी हामी टोलेमाइसमा आइपुग्यौं। त्यहाँ भाइहरूलाई अभिवादन गरी तिनीहरूसँग एक दिन बस्यौं। ८ भोलिपल्ट हामी बिदा भएर कैसरियामा**

आयौं, र प्रचारक फिलिपको घरमा पस्यौं। तिनी ती सात जनामध्ये एक थिए, र हामी तिनीसँग बस्यौं। ९ अगमवाणी बोल्ने तिनका चार जना अविवाहित छोरीहरू थिए। १० हामी त्यहाँ केही दिन बस्दा यहूदियाबाट अगाबस नाउँका एक जना अगमवक्ता आए। ११ उनले हामीकहाँ आएर पावलको पटुका लिई आफ्नो हात-खुट्टा बाँधे, र भने, "पवित्र आत्मा यसो भन्नुहुन्छ, 'यो पटुका जुन मानिसको हो, त्यसलाई यरूशलेममा यहूदीहरूले यसैगरी बाँध्नेछन् र अन्यजातिहरूका हातमा सुम्पिदिनेछन्'।" १२ यो कुरा सुनेर, हामी र त्यस ठाउँका मानिसहरू मिलेर तिनलाई यरूशलेममा नजानुहोस् भनी बिन्ती गर्‍यौं। १३ तर पावलले जवाफ दिए, "तिमीहरू यसरी रोएर मेरो मनलाई किन छियाछिया पार्छौ? किनकि प्रभु येशूको नाउँको निम्ति कैदमा पर्नु मात्र होइन, तर यरूशलेममा मर्न पनि म तयार छु।" १४ तिनलाई मनाउन नसक्दा "प्रभुको इच्छा पूरा होस्" भनेर हामी चूप लाग्यौं। १५ ती दिनपछि हामी तयार भयौं, र यरूशलेमतर्फ लाग्यौं। १६ हाम्रा साथमा कैसरियाका कुनै-कुनै चेलाहरू पनि गए, र तिनीहरूले हामीलाई साइप्रसका एक जना पुराना चेला मनासोन भन्नेको घरमा ल्याए। तिनीकहाँ हामीलाई बस्नुपरेको थियो।"

अगाबस यरुशलेमबाट आएका इसाई भविष्यवक्ता थिए। उनको बारेमा प्रेरित ११:२७-३०मा उल्लेख गरिएको छ। उनको नाउँ इस्राएलमा अनिकाल हुँदा भएको घट्नासँग जोडिएको पाउँछौं। पुरानो करारको अरू अगमबक्ताहरूले दिने भविष्यवाणी जस्तै (यशैया २०:१-६, यर्मिया १३:१-१०) अगाबसको सन्देश पनि नाटकीय ढङ्गले प्रस्तुत गरिएको थियो। यरुशलेमा पावल पुगेपछि उनलाई के हुनेछ र उनका शत्रुहरूले उनलाई अयहूदी वा रोमीहरूको हातमा सुम्पेर उनलाई के गर्नेछन् भनेर प्रभावकारी ढङ्गले अगाबसले प्रस्तुत गरेका थिए।

पावलसँग रहेका विश्वासीहरूले अगावसको सन्देश चेतावनीको रूपमा लिएका थिए तर भविष्यवाणीको रूपमा होइन। त्यसकारण तिनीहरूले पावललाई यरुशलेममा नजान धेरै अनुरोध गरे। पावलप्रति तिनीहरूको मायाले उनको हृदय छोएतापनि आफ्नो लक्ष्य पूरा गर्न पावल कतिवद्ध भएका थिए। सुसमाचारको इज्जत र चर्चको एकता उनको निम्ति आफ्नो व्यक्तिगत सुरक्षा वा भाऊभन्दा पनि अति महत्त्वपूर्ण थियो।

"यस बखत यरुशलेम जाँदा जुन शोकित हृदयले पावल गएका थिए त्यो कहिल्यै पनि भएको थिएन। उनले केही मित्रहरू तर धेरै शत्रुहरूसँग

त्यहाँ भेट हुनेछ भनेर उनलाई थाहा थियो। परमेश्वरको पुत्रलाई अस्वीकार गर्ने र हत्या गर्ने सहरको नजिक उनी आउँदै थिए। त्यो सहरमाथि परमेश्वरको क्रोध पोखिन गइरहेको थियो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ३९७,३९८बाट रूपान्तरित।

**पावलको बारेमा मानिसहरूले गलत धारणा राखेका थिए, उनको बदनाम गरेका थिए, उनलाई दुर्व्यवहार गरेका थिए र कतिपय समयमा उनीसँग मुखामुख र बिरोध पनि गरेका थिए। तै पनि उनि विश्वासमा जोडका साथ अघि बढिरहेका थिए। हामीले पनि निराशमय परिस्थितिमा पर्दा पनि पावलजस्तै विश्वासमा अडिग भएर अघि बढ्न कसरी सिक्ने?**

## उपसंहारः

**थप जानकारीः** "सुसमाचार प्रचारले सफलता पाएकोमा यहूदीहरूको क्रोध झन चर्किएको थियो। परमप्रभु सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास गर्ने विश्वासीहरूलाई अब पुरानो करारमा उल्लेखित विधिविधानहरू वा विशेष गरेर बलिप्रथा र खतना गर्ने कार्यबाट छुट पाएका थिए र अब्राहमका सन्तान यहूदीहरू जस्तै अन्य जाति वा अछुत मानिएका विदेशी जातिले पनि तिनीहरू जस्तै अधिकार पाउनेछन् भन्ने पावलको शिक्षा यहूदीहरूको हरेक क्षेत्रमा फैलिएको थियो।..पावलले व्यक्त गरेका अत्यन्त प्रभावकारी वचन "न त ग्रीक वा अन्य जाति, न त यहूदी, न त खतना न त बेखतना" (कलस्सी ३:११) उनका शत्रुहरूको निम्ति सरासर परमेश्वरकै विरुद्धमा बोलिएको भनेर लिएका थिए। पावल यहूदी धर्म नाश गर्ने तत्व भएकोले सदाको निम्ति उनको आवाज बन्द गर्ने अतिवादी यहूदीहरूले निर्णय गरेका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ३९०बाट रूपान्तरित।

"दुःखकष्टमा परिरहेका पावलले आफ्नै विश्वासी दाजुभाइहरूबाट सान्त्वना, सहानुभूति र सहयोग पाउँछु भन्ने आशा गरेका थिएनन्। इसाईको खोल ओढ्ने तर आत्मपरिवर्तन नभएका यहूदी इसाईहरूले पावल कहाँ कहाँ गए भनेर नजिकबाट चियो गरेका थिए। तिनीहरूले यरुशलेममा उनको विरोधमा अनेकौं जालि समाचारहरू फैलाएका थिए। व्यक्तिगतरुपमा होस् वा पत्रबाट होस् पावल र उनको कामको बारेमा झुटा खबरहरू दिएका थिए। कतिपय प्रेरित र चर्चका अगुवाहरूले पनि ती समाचारहरू सही भएको ठानेका थिए। ती समाचारको कुनै प्रतिवाद तिनीहरूले गरेनन्। यरुशलेममा ती

इसाईहरूले नै पावलसँग तालमेल गर्न कुनै न त चाहना न त प्रयास गरे।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टलस्,* पृ. ३९८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एफिससमा पावलले भेटेका बाऱ्ह चेलाहरू बप्तिस्मा दिने यूहन्नाका चेलाहरू थिए जो येशूका चेला हुनगएका थिए (प्रेरित १९:१-७)। अरू सम्प्रदायका इसाईहरू सेभेन्थ-डे एडभेन्टिस्टमा सम्मिलित हुन फेरि पानीमा डुबाएर बप्तिस्मा लिनुपर्दैन कतिपय इसाईहरूले भन्ने तर्कलाई साम्य पार्न ती पदहरूलाई उपयोग गर्न किन जायज देखिन्छ? बाइबलको धुरन्धर विद्वान भएर येशूलाई विश्वास गर्न पुगेका आपोलसले येशूको नाउँमा बप्तिस्मा नलिनुमा के अर्थपूर्ण छ?

आ. पावलको परिस्थितिको बारेमा सोच्नुहोस्। येशूलाई विश्वास नगर्ने आफ्नै देशका मानिसहरूले उनलाई तिरस्कार गरेका थिए। येशूलाई विश्वास गर्ने कतिपय इसाईहरूले पनि उनलाई ठूलो शङ्काको दृष्टिले हेरेका थिए। सांस्कृतिक, धार्मिक र राष्ट्रको सम्पदालाई नाश गर्न खोज्ने बेइमान भनेर यहूदी इसाईहरूले पनि पावलप्रति नकारात्कम आँखाले हेरेका थिए। फेरि कतिपय मूर्तिपुजा गर्ने र अन्य जाति वा अयहूदीहरूले उनले प्रचार गरेका सुसमाचारलाई घृणा गरेका थिए र बिरोध जनाएका थिए। तै पनि के भयो त? जसले जे भनेतापनि, जसले बिरोध गरेतापनि पावलले आफ्नो लक्ष्यलाई किन अगाडि बढाइरहे? हामी पावल नभएतापनि पावलको अनुभवबाट हामीले के सिक्न सक्छौं?

इ. कतिपय इसाईहरूले सबाथ शनिबारबाट आइतबारमा सारियो वा अब क्रिश्चियन भएपछि सबाथलाई पालन गर्नुपर्दैन भन्ने तर्कको बारेमा सोच्नुहोस्। ती तर्कसँग हामीले कसरी सामना गर्ने वा सबाथ पालन गर्नु अरू नौआज्ञाहरू पालन गर्नुजस्तै हो तर कामद्वारा मुक्ति पाउने भन्ने होइन भन्ने हामीहरूको धारणालाई ती इसाईहरूको सामु कसरी तेर्स्याउने? विश्वासद्वारा परमेश्वरको मार्गमा हिंड्न सकियो भनेमात्र हामीहरूमा मुक्तिको आशा हुन्छ भनेर कसरी बुझ्ने?

## कथा १०

## संसारको सबभन्दा असल काम

## एन्कमानडेख "मनडाख" बोल्ड, २८ मङ्गोलिया

*(सन् १९२४देखि सन् १९८९सम्म मङ्गोलिया रूसको अधिनमा थियो। त्यसपछि मङ्गोलिया रूसबाट अलगिएर स्वतन्त्र राज्य बन्यो। त्यहा सन् १९९१मा फ्रन्टियर मिसनको एक बिवाहित दम्पतिले सुसमाचार प्रचार गर्न भित्रिएको थियो। त्यसबेला त्यहाँको जनसंख्या तिस लाख थियो। अहिले त्यहाँ २,१७७ सेभेन्थ-डे विश्वासीहरू छन्। जो जो बप्तिस्मा लिन्छन् प्रायजसो परिवारको एक जनालेमात्र बप्तिस्मा लिने भएको छ। त्यहाँ धेरै चुनौतिहरू छन्। चर्चका धेरै सदस्यहरू चर्चमा रहिरन पनि गाऱ्हो भएको पाइएको छ। मङ्गोलियाको राजधानी उलनबाटरमा मानडाखमा २८ वर्षको ग्लोबल मिसन पायोनियर थियो। उसले किसोर अवस्थामा बप्तिस्मा लिएको थियो। सात वर्षपछि उसले चर्च छोड्यो। यो उसको कथा हो।।)*

म एकदम कडा मिजासको मानिस थिएँ। मानिसहरूको आनिबानी अनुसार तिनीहरूको न्याय म गर्दथे। कसैले भूल गऱ्यो भने मैले उसलाई ठिक पार्थें। उसलाई सजायँ दिन चाहन्थें। हामीले भूल गऱ्यौं भने परमेश्वरले हामीलाई दण्ड दिन चाहनुहुन्छ भनेर मैले सोचेको थिएँ।

म खुशी हुनसकिनँ र परमेश्वरलाई विश्वास गर्नु बेकार छ भनेर मैले निर्णय गरें। मेरो जीवनमा केही न केही भयो जसले गर्दा मेरो जीवन टुक्रिएको महसुस भयो। म चर्च जान छोड्न थालें र साबथलाई पालन गर्न पनि छोडें। मैले दशांश पनि दिन छोडें।

मेरी श्रीमतीले मेरो बानीले गर्दा दुःख मानेकी थिइन्। उनले मेरो निम्ति प्रार्थना गर्न थालिन्।

मेरो चेतनामा परमेश्वरको सजायँ भोगिरहेको छु जस्तो लागेको थियो। परमेश्वरले मलाई सात वर्ष आशिष दिनुभयो अब उहाँलाई छोडेकोले उहाँले मलाई दण्ड दिइरहनुभएको छ।

एक वर्ष भयो। केही पनि भएन। परमेश्वरले मलाई सजायँ दिनुभन्दा बरू मलाई माया गरिरहनुभएको थियो। मैले पहिला भन्दा राम्रो आशिष पाएको थिएँ। मङ्गोलियाको टेलिभिजन कार्यालयमा म सम्पादक भएको थिएँ र मेरो तलब राम्रै थियो।

अनि परमेश्वरको अगुवाईको बारेमा मैले एक दिन सोच्दा मेरो मनमा धक्का भयो। मैले सोचें, "पैसा कमाउने र खर्च गर्ने, पैसा कमाउने र खर्च मात्र गर्ने। त्यस्तो जीवनको अर्थ के छ र? टेलिभिजन संचालकले मात्र धेरै

फाइदा उठाइरहेको छ। अरूभन्दा ऊ पो धेरै धनी धनी भइरहेको छ। पैसा कमाउने भन्दा मलाई आनन्द पार्ने सबभन्दा असल काम के होला? भनेर मैले सोच्न थालें। धेरै सोचेपछि म यो निश्कर्षमा पुगें कि सबभन्दा असल काम भनेको अरूलाई सुसमाचार सुनाउनु हो। येशूलाई मेरो हृदय फेरि समर्पण गरें। चर्चमा फर्किएँ र प्रार्थना गरें, “यदि तपाईंले मलाई सुसमाचर सुनाउने काममा खटाउनुभयो भने म जान तयार छु।"

धेरै महिनापछि मङ्गोलिया एडभेन्टिस्ट चर्चका अगुवाहरूले मलाई ग्लोबल मिसन पायोनियर हुन अनुरोध गरे। मङ्गोलियाको राजधानीमा रहेको सुकिरहेको चर्चमा सेवा गर्न र नजिकैको सरकारी स्कूलमा अङ्ग्रेजी पढाउने काममा लाग्न सक्ने तिनीहरूले बताए। मेरी श्रीमतीलेचाहिँ बालसङ्गतिको रेखदेख गर्ने र चिनिया भाषा पढाउने काम गर्न सक्छिन् भनेर ती अगुवाहरूले सम्झाए। एक हप्तासम्म मैले प्रार्थना गरें। अनि टेलिभिजनको कामबाट मैले राजिनामा दिएँ र म पुरै सुसमाचार प्रचारक बनें।

छ महिनामात्र सुसमाचार काम गर्ने काममा लागिरहेको छु र यो मलाई असाध्यै मनपर्छ। परमेश्वरको शक्तिले मानिसहरूको जीवन परिवर्तन भएको देख्नुभन्दा अरू रोमाञ्चकारी काम मैले देखेको छैन।

जब त्यस ठाउँमा म पुगें तब पहिलो साबथमा तिन वर्षसम्म नआएको एक जना विश्वासी चर्चमा आयो। एक आपसमा हामीहरूको चिनाजानी थिएन। ऊसँग घुलमिल गर्न चाहें र अर्को साबथमा पनि आउन उसलाई मैले अनुरोध गरें। चर्चमा आउन अनुरोध गरेकोमा ऊ खुशी देखिँदैनथ्यो। जब हप्ताको बीचमा उसले कुरा गर्न बोलायो तब मैले उसको बारेमा थाहा पाएँ। ऊ काम गर्ने ठाउँमा म गएँ। उसले आफ्नो श्रीमतीलाई छकाइरहेको थियो। उसको श्रीमतीले उसलाई छोड्न चाहेकी थिइन्। “अब मैले के गर्ने?" भनेर उसले सोध्यो।

के गर्ने उसलाई थाहा थिएन। परस्त्री वा परपुरुष गमनबाहेक पारपाचुके गर्नु मनासिब छैन भनेर मैले बाइबलबाट सुनाइदिएँ। परमेश्वरसँग क्षमा माग्न मैले उसलाई भनें र श्रीमतीलाई ठग्न छोडिदेऊ मैले भनें। “तपाईंको श्रीमतीलाई सत्य कुरा भन्नुहोस् र अबदेखि म परमेश्वरको मानिस हुनेछु भनेर वचन दिनुहोस्। तिमीसँग अबदेखि सत्य बाटोमा हिंड्छु भनेर प्रतिज्ञा गर्नुहोस्" मैले भनें। प्रार्थना गरेपछि म उसको घरबाट निस्कें। एक हप्ता पछि त्यस मानिसले यो बतायो कि उसले अर्की केटीलाई छोडिदिएको र आफ्नो जीवन येशूलाई सुम्पेको छु भन्यो। आफ्नी श्रीमतीलाई पनि सत्य कुरा उसले भन्यो। भाग्यवस उनले उसलाई क्षमा दिइन्।

अहिले त्यो मानिस प्रत्येक हप्ता चर्चमा आउँछ र चर्चको सक्रिय सदस्य भएको छ। अर्को अचम्मको काम पनि भयो। एक दिन एक जना अपाङ्गसँग मेरो भेट भयो। उसले महिनाको १६०००० मङ्गोलियन पैसा टोग्रोग पाउँथ्यो। त्यो करिब ६५ डलर वा ६५सय थियो। त्यो सरकारबाट पाएको अपाङ्ग भत्ता थियो। एक दिन साबथमा मैले उसलाई भनें, "तपाईंले दशांस दिनुहोस्। परमेश्वरले आशिष दिनुहुनेछ।" तर त्यो मानिसले मानेनन्।

केही समयपछि टेलिफोनबाट त्यस मानिसले आफ्नो जीवन र स्वास्थको बारेमा कुरा गर्‍यो। सरकाले दुई महिनाको भत्ता आफूलाई दिने कुरा उसले गर्‍यो। मैले भनें, "दशांश दिनुहोस्। यदि तपाईंले परमेश्वरको शक्ति जान्न चाहनुहुन्छ भने उहाँलाई जाँच्नुहोस्। मलाकी ३:१०मा परमेश्वरले भन्नुभएको छ "तिम्रो दशांशभेटीले मलाई जाँचेर हेर।"

अर्को साबथ त्यस मानिस चर्चमा आयो र पहिलोपटक दशांश दियो। एक हप्ता पछि अत्यन्त खुशी भएर मलाई उसले फोन गर्‍यो, "अस्तिको हप्ता मैले दशांश दिएँ। आज मैले सरकारबाट पत्र पाएँ जसमा लेखिएको थियो, मेरो मासिकभत्ता पचास प्रतिशतले बढेको छ!"

म त्यस्तो भावुक व्यक्ति त होइन। तर जब परमेश्वरले मानिसहरूको जीवनलाई परिवर्तन गर्नुभएको म देख्छु मलाई अत्यन्त खुशी लाग्छ। मैले शब्दहरूमा व्याख्या गर्न सक्दिनँ। सबैले परमेश्वरको प्रेम थाहा पाएको म चाहन्छु। त्यसैकारण म सुसमाचार प्रचारक वा मिसिनेरी भएको छु। मिसिनेरी हुनु नै संसारको सबै भन्दा असल काम हो।

*(यो कथा आन्ड्र्यु मेकचिसनीलाई मन्डाखले भनेको हो। उनको गवाही यस वेभसाइटमा हेर्नुहोस्: bit.ly/worlds-best-job*

<u>**मङ्गोलियाबारे जानकारी:**</u>

-दक्षिण मङ्गोलियाको प्रायजसो सबै भूभाग गोबी मरुभूमि हो। त्यहाँ त्यस्तो बालुवा नभएतापनि सुक्खा र ढुङ्गै ढुङ्गाले भरिएको छ। त्यहाँ जाडोमा ४० डिग्री फारेनहाइट वा माइनस ४० डिग्री सेन्टिग्रेड चिसो हुन्छ भने गर्मीमा १०४ डिग्री फारेनहाइट वा ४० डिग्री सेन्टिग्रेड गर्मी हुन्छ।

- सेभेन्थ-डे एडभेन्टिस्ट कार्यालय मङ्गोलियाको राजधानी उलनबाटरमा छ। यस मिसनमा ६ वटा चर्चहरू छन र २,१७७ सदस्यहरू छन्।

-मङ्गोलियाको जनसंख्या ३,०९५००० छ। त्यसको अर्थ प्रत्येक १,४००मा एक जना एडेभेन्टिस्ट भएको पाइन्छ।